# पाखीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा
२०७३
१ नं.प्रदेश नेपाल

**प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७७/०४/१९**

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ( प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. २०७६/०७७, च.नं. २३ ,मिति २०७७/०४/१२ को पत्रानुसार यस नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १- २०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता :-

(क) सिभिल इञ्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ :-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थान :- पाखीबास नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति :-२०७७/०५/०१

४. आवेदनको दस्तुर :- रु ७०० /-

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७ सेवा सुविधा :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (११),(१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :- नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति म्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोट :-आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत अन्य जानकारी www. pmep.gov.np मा उपलब्ध छ ।

(डिकवहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत